द एसोसिएसन अफ नेप्लीज इन अमेरिका (एएनए) को

प्रेश विज्ञप्ति

एएनएका आदरणीय सदस्य तथा पत्रकार मित्रहरु,

द एसोसिएसन अफ नेप्लीज इन अमेरिका (एएनए) अमेरिका र क्यानडामा क्रियाशील हजारौ नेपाली संघसंस्था बिच ओजस्वी परिचय बोकेको संस्था हो। अहिलेको समयमा यस क्षेत्रमा रहेका संघसंस्थामध्ये निक्कै ठुल्ठुला चोट सहन बाध्य भएको संस्था पनि हो एएनए। हामी सबै नै एएनएलाइ मायाँ गर्छौं। यसको कारण स्पष्ट र सरल छ। एएनएको बिचमा रहेको ' N ' ले 'नेप्लिज' को प्रतिनिधित्वगर्दछ जसमा हामी गर्व गर्छौं, हामी को कहाँ र कता छौ भन्ने कुराको यसमा कुनै तुक छैन।

कुनै विषयमा सहमत अथवा असहमत हुन पाउने अधिकार हामीलाई प्रजातान्त्रिक पद्दतिले प्रदान गरेको छ। कानुनी राज्यमा आफ्नो अधिकारको रक्षा गर्नु र न्यायको अपेक्षा गर्नु राज्यद्वारा सबैलाई प्रदत्तअधिकार हो। हामी हाम्रा सम्पूर्ण समर्थक शुभचिन्तक साथीहरुलाई गौरवकासाथ जानकारी गराउन चाहन्छौ अदालतमा रहेको एएनएको मुद्धा यहि डिसेम्वर ८ तारिखका दिन किनारा लागि सकेको छ। यसमुद्दाका कारण एएनए र मुद्धासंग जोडिएका व्यक्तिहरुले केही मात्रामा आर्थिक क्षती भने व्यहोर्नु पर्यो।

अब अदालतले मुद्धा किनारा लगाई सकेको छ, हामीले एएनएको भविष्य हेर्दै अगाडी बढ्नै पर्ने हुन्छ। विगतबाट निर्दिष्ट र वर्तमानको दृष्टिकोणलाइ समेटेर एएनएको नौलो भविष्य निर्माणका हामी सबैऐक्यवद्द भएर अगाडी बढ्नै पर्ने हुन्छ। एएनएमा सबै नेपाली समानरुपले अटाउन सक्ने वातावरण निर्माणका लागि हामी सबै ऐक्यवद्द हुनै पर्ने हुन्छ। अहिलेको महत्वपूर्ण काम भनेको हामीले एएनएलाइआर्थिक कानुनी विषयमा नाफारहित सामुदायिक संस्थाको परिधिमा पूर्ण रुपले ल्याउनु पर्ने हुन्छ, ऐननियमका विषयलाई चुस्त तन्दुरुस्त बनाउनु पर्ने छ।

एएनएका कानुनी परामर्शदाता (वकिल) संग हामी आर्थिक कानुनी विषयमा केहि दिनमा सल्लाह गर्ने छौ। म र मेरो समूहले एएनएलाइ यसवेला आवश्यक परेको आर्थिक कानुनी विषयलाई चुस्ततन्दुरुस्त बनाउने प्रकृया पूरा गराउने छ। म एएनएका सदस्य साथीहरु,पूर्व तथा वर्तमान पदाधिकारीहरु, एएनएसंग सम्वन्धित संघसंस्था तथा यसका कमिटिका पदाधिकारीहरु, एएनएका विगतकासम्मेलनका पदाधिकारीहरु लगायत सरोकारवाला सम्पूर्ण महानुभावहरुसंग पूर्ण सहयोगको अपेक्षा राख्दछु।

जब हामी एएनएका सामु रहेको आवश्यक कानुनी तथा आर्थिक अनुशासनको विषयलाई सहि ठाउमा ल्याई पुर्याउने छौ त्यसको लगत्तै सरोकारवाला निकायबाट स्वीकृत गरिएको विधान अनुसार एएनएकोनयाँ नेत्तृत्वकालागि निर्वाचन गराउने छौ। हामी हाम्रा कानुनी परामर्शदातासंग परामर्श गरि समयमानै एएनए सम्वन्धि सूचना तथा जानकारीहरु एएनएको 'वेभ साइट' मा 'पोष्ट' गर्ने छौ।

एएनए अदालतमा भएको वेला असहमतिलाई सहमतिमा ल्याउन अहम भूमिका निर्वाह गर्नुहुने अमेरिकाका लागि नेपाली राजदूत डा. शंकर प्रसाद शर्मालाई उहाले पुर्याउनु भएको योगदानका लागि हामीआभार व्यक्त नगरी रहन सक्दैनौ। एएनएको स्थापना गरेर यसलाई जीवन्त राख्न पुर्याएको योगदानका कारण यसका संस्थापक तथा पूर्व पदाधिकारीहरुलाइ म सलाम गर्न चाहन्छु। एएनएलाईदु:ख-सुखका समयमा साथ दिने अमेरिका तथा क्यानडामा बस्ने हजारौ नेपाली दाजु - भाई, दिदि-बहिनीहरुलाई यस साथका लागि प्रणाम नगरी रहन सकिन्न। आउदो एएनएले सकारात्मक सोच राख्ने ररचनात्मक काम गर्नेलाई सलाम गर्ने नै छ।

अदालतले एएनएका लागि खटाएका ट्रष्टि अनुज सुद र एएनएका लागि कानुनी परामर्शदाता (वकिल) डिपो अकिनडेक एएनए का लागि उहाहरुले पुर्याउनु भएको योगदानका कारण धन्यवादका पात्र हुनुहुन्छ ।एएनएको मुद्धा अदालतमा रहेको बेला सामुदायिक भावनामा रही मुद्धाको विषयलाई शान्त रुपमा रहन दिएर अदालती निर्णय पर्खिदिनु भएकोमा पत्रकार मित्रहरुप्रति पनि हामी आभारी छौ ।

' Lone Star state ' का नामले चिनिने टेक्सास एएनएको ३० औँ सम्मेलन जुलाई ४, २०१२ को तयारीमा जुटेको छ।
" भिमकाय राज्य टेक्सास " मा बस्नुहुने नेपाली दाजुभाई, दिदिबहिनीहरुलेएएनएको आउँदो सम्मेलन अविष्मरणीय बनाउनु हुनेछ भन्नेमा हामी पूर्ण विश्‍वस्त छौ। बिभिन्न क्षेत्र र पेशामा रहनु भएका सम्पूर्ण नेपालीहरुलाई द एसोसिएसन अफ नेप्लीज इन अमेरिका (एएनए)एउटै छाता मूनी अटाउने वातावरण सृजना गर्न म र मेरो समूहमा रहनु भएका एएनएका पदाधिकारीहरु पूर्ण रुपमा प्रतिवद्द छौ।

धन्यवाद
छेवाङ शेर्पा लामा
अध्यक्ष
(अन्तरिम कार्यसमिति)
द एसोसिएसन अफ नेप्लीज इन अमेरिका (एएनए)
डिसेम्वर १४, २०११